गाउँ सभाको बैठकमा मिति २०७७ अषाढ १४ गते शनिबार
अध्यक्ष दिलमाया बुढागर (गिरी) ज्यूको प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७७।०७८ को
नीति तथा कार्यक्रम

कुमाख गाउँपालिका सल्यान
कर्णाली प्रदेश, नेपाल
२०७७

कुमाख गाउँपालिका, सल्यान

"कृषि, शिक्षा, पर्यटन कुमाखबासीको आधार, आत्मनिर्भर अर्थतन्त्र घरघरमा रोजगार"

सभाका सदस्यज्यूहरू, गाउँसभाका सचिवज्यू, गाउँपालिकाका सम्पूर्ण कर्मचारीज्यूहरू रउपस्थित सञ्चारकर्मीज्यूहरू,

१. नेपालको संविधान २०७२ बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमबाट विकास र समृद्धि हासिल गरी स्वाधीन, समुन्नत तथा समाजजाद उन्मुख अर्थतन्त्र विकास गर्ने परिकल्पना सहित तीन तहका सरकार गठन भएका छन् । संविधानले स्थानीय सरकारलाई दिएको संवैधानिक अधिकार प्रयोग गर्दै स्थानीय सरकार सञ्चालन ऐनको मर्म र भावनालाई आत्मसात गर्दै र नेपालको संविधानमा उल्लेखित मौलिक हकहरूलाई आधार मान्दै जनप्रतिनिधिको हैसियतले आर्थिक वर्ष २०७७/०७८ को लागि कुमाख गाउँपालिकाको नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभामा प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. देश र जनताको आर्थिक, सामाजिक, राजनैतिक समृद्धिका लागि महान जनयुद्ध, २०६२/०६३ सालको जन आन्दोलन, मधेश आन्दोलन लगायत विभिन्न आन्दोलनमा आफ्नो अमूल्य जीवन वलिदान गर्ने महान् शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । वेपत्ता योद्धाहरूप्रति सम्मान व्यक्त गर्दछु, साथै सम्पूर्ण घाइते तथा अपाङ्ग योद्धाहरू र आम जनताहरूप्रति हार्दिक अभिवादन व्यक्त गर्दछु ।

३. नेपाल सरकारले ऐतिहासिक सन्धी, नक्सा र प्रमाणको आधारमा लिम्पियाधुरा, लिपुलेक र कालापानी समेतको भू-भागलाई समेटी नेपालको नक्सा सार्वजनिक गरेकोमा यस कुमाख गाउँपालिका सरकारको तर्फबाट हार्दिक धन्यवाद दिनु चाहन्छु ।

४. विश्वव्यापी महामारी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणले विश्वमा मानव जातिलाई नै आक्रान्त बनाएको छ । यो महामारीबाट हाम्रो देश, जिल्ला र गाउँपालिका अछुतो रहन सकेन । कोरोना भाइरस (कोभिड-१९) बाट संक्रमित हुनुभएका देश विदेशका सम्पूर्ण नेपालीहरूको शीघ्र स्वास्थ्य लाभको कामना

गर्दै यस रोगका कारणले ज्यान गुमाउनु हुने सम्पूर्ण मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु र शोकाकुल परिवार तथा आफन्तजनप्रति समवेदना प्रकट गर्दछु । हाम्रो गाउँपालिकामा संक्रमित हुनुभएका जम्मा १८ जनामध्ये उपचारपछि सञ्चो हुनुभएका ६ जना महानुभावहरूलाई बधाइ दिंदै उपचाररत बाँकी १२ जना नागरिकहरू लगायत सबैको स्वास्थ्य लाभको कामना गर्दछु । महामारीको यस विषम परिस्थितिमा मानव जीवन रक्षाका लागि गाउँपालिकाले गरेका निर्णयहरूलाई कार्यान्वयन गर्न अग्रपंक्तिमा रहेर काम गर्ने स्वास्थ्य शाखाका कर्मचारीहरू, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, स्वयम्सेवक, जनमप्रतिनिधिहरू, गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरू, आर्थिक तथा भौतिक रूपमा सहयोग गर्ने महनानुभावहरू, सबै जनसमुदायप्रति हार्दिक धन्यवाद सहित कृतज्ञता व्यक्त गर्दछु । यस रोगको संक्रमणबाट बच्न उच्च मनोबलका साथ सतर्कता र संयम अपनाउन सम्पूर्ण गाउँबासीहरूमा अनुरोध गर्दछु । साथै, यस महामारीको विरुद्धको साझा अभियानमा सबै सकारात्मक सोचाइका साथ अगाडि बढौं र अन्ततः जीत मानव जातिकै हुनेछ र हुनुपर्छ ।

५. आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु अघिआर्थिक वर्ष २०७४/०७५ देखि २०७६/०७७ सम्मको यस कुमाख गाउँपालिकाको विकासको वर्तमान अवस्थाबारे संक्षिप्त रूपमा राख्न चाहन्छु ।

६. नेपालको संवैधानिक व्यवस्था अनुरूप २०७४ बैशाख ३१ गते निर्वाचन सम्पन्न भई कुमाख गाउँपालिकाको सरकार गठन भएको ३ वर्ष भइसकेको छ । यस अवधिमा पहिलो वर्ष ज्ञान आर्जन, सिकाइ/अनुभव, दोस्रो वर्ष पूर्वाधार विकासका जगहरू र आर्थिक, सामाजिक विकास र सरकार सञ्चालनका लागि विभिन्न नीति, नियम, ऐन र कार्यविधि निर्माणका साथै यस वर्ष भौतिक पूर्वाधार र सुशासन प्रवर्द्धनलाई जोड दिंदै विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरससँग लड्नु परेको छ ।

७. निर्वाचन भएपछि दैनिक कार्य सञ्चालनका लागि ३ वटा वडापालिका बाहेकअन्य वडाहरूर पालिकामा कुनै भौतिक पूर्वाधार थिएन । विद्युत् र सूचना प्रविधिको पहुँचबाट कुमाख गाउँपालिका निकै टाढा थियो । सदरमुकामदेखि कुमाखमा आउने एउटा मात्र सडक थियो । त्यो पनि १२ वर्षसम्म खोलामा थियो र जेठदेखि कात्तिक महिनासम्म

बन्द हुन्थ्यो । सिंचाइ, खानेपानी योजनाहरू प्रयाप्त नभएको र भएका पनि भत्केका/बिग्रेका र जीर्ण अवस्थामा रहेको, स्वास्थ्य चौकीहरूमा पनि न्यूनतम सेवा सुविधा थिएन । विद्यालयहरू धेरै खोलिएकोले राज्यको मापदण्ड अनुरूप प्रयाप्त मात्रामा दरबन्दी नहुनु र दक्ष जनशक्तिको अभावका कारणले शैक्षिक गुणस्तर खस्कदो र सिकाइ उपलब्धी न्यून थियो ।

८. नेपालमा २० वर्षपछि संवैधानिक अधिकार सहितको स्थानीय सरकार गठन भयो । ३ वर्षको अवधिमा विभिन्न जटिलता, चुनौती र समस्याका बीचबाट अगाडि बढ्नु हाम्रो लागि सुखद एवम् सकारात्मक चुनौती र अवसर दुवै थियो । यो ऐतिहासिक जिम्मेवारी, कर्तव्य र जनउत्तरदायित्व पनि हो । अवसर पटक पटक आउँदैन र यो अवसरलाई गहिरोसँग आत्मसात गर्दै कुमाखको सम्वृद्धिका लागि दीर्घकालिन सोच र दीगो विकासको लक्ष्य अनुरूप गाउँपालिका स्थापना भएपछिको प्रथम ऐतिहासिक गाउँसभादेखि वार्षिक नीति तथा कार्यक्रम पेश गरी व्यापक छलफल पछि पारित गर्दै आएका छौं ।

९. यस कुमाख गाउँपालिकाभित्रका विभिन्न क्षेत्रका आवश्यकता पहिचान र पालिका सडक, वडा र बस्ती सडक र कृषि सडकका रूपमा वर्गीकरण गरी पूर्वाधार विकासको तिव्रतासँगै पहिलो, दोस्रो र तेस्रो गाउँ सभासम्म आउँदा आर्थिक वर्ष २०७४/०७५ देखि २०७६/०७७ सम्म ११७ वटा सडक आयोजनाहरू १४ करोड ८० लाख ५ हजार रूपैंयाँ, ८४ वटा खानेपानी योजनाहरू ३ करोड ९१ लाख ५५ हजार रूपैंयाँ, ५५ वटा सिंचाइ योजनाहरू १ करोड ६९ लाख ५० हजार रुपैंयाँ र २५ वटा भवन निर्माण योजनाहरूमा ७ करोड ४ लाख रूपैंयाँको लागतमा निर्माण सम्पन्न भएका छन् । यद्यपि वर्तमान अवस्था आइपुग्दा गाउँपालिकामा सडक, खानेपानी, सिंचाइ तथा भवनका आवश्यकताहरू विद्यमान छन् र थप निर्माण गर्नु पर्ने जरुरी छ ।

१०. कुमाख गाउँपालिकाको सिमाना पर्ने छिमेकी जिल्ला रुकुम पश्चिम, चौरजहारी नगरपालिकाबाट करिब १० किलोमिटरदेखि गाउँपालिकाको आफ्नै लगानीमा २०७५ पुष १४ गते कुमाख गाउँपालिका कार्यालय, रागेचौरमा विद्युत् उद्घाटनको ऐतिहासिक कार्य सम्पन्न भयो । विद्युत् लाईन विस्तार गर्ने कार्यलाई तीव्रता दिई कुमाख गाउँपालिकाको केन्द्र, रागेचौर, वडा नं. ४ को वडा कार्यालय र कोर्ती, बाहुनगाउँ, स्यानीपिप्ली र बस्नेतज्यूला, वडा नं. १ को गाउँबस्ती, टाट्के र स्वीकोट पाखा, वडा नं. ६ को बडागाउँ, वडा नं. ५ को बाल्ले, वडा नं. ७ को जिमाली, वडा नं. ३ को बाहुनचौर हुँदै वडा कार्यालयसम्म विद्युत् लाईन विस्तार गर्ने कार्य सम्पन्न भएको छ । यस पटक वडा नं. ५ को वडा कार्यालय हुँदै आसपासका बस्तीहरूका लागि विद्युत् वितरण गर्न रु. ८० लाख रकमको टेन्डर भएर कार्य सञ्चालनमा रहेको छ । विद्युत् विस्तारमा यस गाउँपालिकाबाट कूल जम्मा २ करोड ११ लाख ६१ हजार रुपैंयाँ र संघीय सरकारका तर्फबाट ३ करोड ४२ लाख ५० हजार रूपैंयाँ गरी जम्मा ५ करोड ४५ लाख ११ हजार रुपैंयाँ लगानी भएको छ ।

११. कुमाख गाउँपालिकाको शिक्षा विकासको लागि गाउँपालिकाबाट विद्यार्थी सङ्ख्या र शिक्षक सङ्ख्याको आधारमा शिक्षक दरबन्दी मिलान, शिक्षणलाई प्रविधिमैत्री र प्रयोगात्मक बनाउन विद्यालयहरु सोलारबाट विद्युत् ऊर्जाको व्यवस्था, कम्प्युटर प्रयोगशाला, पुस्तकालय र विज्ञान प्रयोगशाला स्थापना, WASH सुविधासहितको शौचालय र विद्यालय भवन निर्माण गरिएको छ । त्यस्तै शैक्षिक चेतना अभिवृद्धिको लागि विभिन्न अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ भने मापदण्ड विपरित जथाभावी खोलिएका विद्यालयका कारणले शिक्षामा गुणस्तरीयता नहुनु, भर्ना भएका विद्यार्थीहरूको निरन्तरता नहुनु, लक्षित वर्गका बालबालिकाहरू शिक्षाको सहज पहुँचबाट टाढा रहनु, प्रयाप्त मात्रामा शिक्षकको दरबन्दी नहुनु, विद्यालयको आर्थिक स्रोत नहुनु, दक्षजनशक्तिको अभाव, विषयगत शिक्षक र तालीमको व्यवस्था नहुनाले सामुदायिक शैक्षिक गुणस्तर न्यून र खस्किदो अवस्थामा रहेकोले अबको शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रविधिमैत्री र रोजगारमूलक बनाउन आवश्यक देखिन्छ ।

१२. कुमाख गाउँपालिकालाई अन्नबालीबाट आत्मनिर्भर बनाउन उत्पादनमा वृद्धि गरी किसानहरूको आम्दानी बढाउन हालसम्म २ करोड ४२ लाख रूपैंयाँको लागतमा १८ वटा साना सिंचाइ कुलाहरूनिर्माण, 'एक घर एक करेसाबारी', 'एक घर एक टनेल' को

नीति लिई २८५ टनेल र १४,८१५ वटा विभिन्न फलफूलका विरुवाहरूवितरण लगायत व्यवस्थागरिएको छ भने गाउँपालिकालाई दुध तथा मासुजन्य उपभोग्य वस्तुबाट आत्मनिर्भर बनाउन ८५७ वटा भैंसीलाई सुत्केरी भत्ता वितरण,२३२ भकारो सुधार, ३८०० कुखुरा वितरण, ११ वटा बाखा-खोर सुधार, उन्नत जातका ४२ बोका र बाखा वितरण जस्ता कार्यक्रमलाई प्राथमिकता दिई कार्य गरिएको छ ।हालसम्म यस गाउँपालिकामा २ वटा फलफूल पकेट, २ वटा मौरीपालन, ३ वटा अदुवा-बेसार, २ वटा ताजा सहकारी पकेट र नमूना आर्गनिक गाउँ जस्ता कार्यक्रमहरू अगाडि बढेका छन् । यसका लागि प्रदेश सरकारले १ करोड ८० लाखको व्यवस्था गरेको छ ।

१३. यस कुमाख गाउँपालिकामा हालसम्म गाउँपालिकाको प्रशासनिक भवन र १५ शैयाको अस्पताल भवन निर्माणाधीन अवस्थामा छ भने विद्यालय भवन, स्वास्थ्य तथा प्रसुती भवन, वडा कार्यालय भवन र सामुदायिक भवनहरूनिर्माण सम्पन्न गरिएको छ ।

१४. गाउँपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी र माध्यमिक विद्यालयहरूलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउन इन्टरनेट, ई-हाजिरी लगायतका प्रविधिहरू सञ्चालनमा ल्याइएको छ । डिजिटल नागरिक बडापत्र, सार्वजनिक सुनुवाई, उपभोक्ताहरूलाई अभिमुखीकरण, जनतासँग स्थानीय सरकार कार्यक्रम योजना निर्माण र कार्यान्वयनमा जनताको सहभागिता लगायतका जनप्रिय कार्यक्रमहरूबाट सुशासन प्रवर्द्धनको काम गरिएको छ ।

१५. न्यायिक समिति सक्रिय भएर आफ्नो अधिकार क्षेत्रभित्रका उजुरी तथा मुद्दाहरू किनारा गरिरहेको छ । यसले आम जनसमुदायमा कानुनी शासनको प्रत्याभूति गराएको छ ।

१६. स्वास्थ्य सुविधाको पहुँचबाट टाढा रहेको यस कुमाख गाउँपालिकामा ५ वटा मात्र स्वास्थ्य चौकी रहेका छन् । हाल ल्याब सेवा सञ्चालन भइसकेको छ । ५ वटा

आधारभूत स्वास्थ्य केन्द्र र ४ वटा सामुदायिक स्वास्थ्य इकाइ विस्तार गरेर प्रभावकारी रूपमा सञ्चालन गरिएको छ । गाउँपालिकाको अनुदानमा एम्बुलेन्स सञ्चालन भएको छ । गाउँपालिकाका ७ वटै वडाहरूमा पूर्ण खोपयुक्त वडा घोषणा गरी पूर्ण खोप सुनिश्चितताको कार्यक्रम अगाडि बढेको छ । वडा नं. ६ मा पूर्ण संस्थागत सुत्केरीवडा घोषणा गरिएको छ भने ४ वटा बर्थिङ सेन्टर भवनहरू (प्रसुती सेवा) को निर्माण कार्य सम्पन्न हुँदैछ । यद्यपि यस कुमाख गाउँपालिकामा स्वास्थ्य सेवाको अभाव अझै छ । सबै स्वास्थ्य चौकीहरूमा आधारभूत स्वास्थ्य सुविधा सहितको सेवा सञ्चालन गर्न आवश्यक छ । पालिका अस्पतालको जग्गा प्राप्ति भई टेन्डर गरी निर्माण कार्य शुरु भइसकेको छ । यसलाई सुविधायुक्त पालिका अस्पतालको रूपमा विकास गर्न जरुरी छ ।

१७. विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को रोकथाम र खाद्यान्नमा आत्मनिर्भरता, रोजगारीको सिर्जना र समग्र भौतिक पूर्वाधार विकास अहिलेको आवश्यकता हो भने मुख्य चुनौतीहरूको रूपमा रोग, भोक, शिक्षा र रोजगारी नै हो । अधिकांश नागरिकहरू बेरोजगार छन् । आफ्नो रोटीभोटीको लागि न्यूनतम आधारभूत आवश्यकता परिपूर्तिका लागि देशभित्र र देश बाहिर भारत तथा तेस्रो मुलुकमा रोजगारीको लागि गएका नागरिकहरू ३ हजार २ सय ५० हुनुहुन्छ र गाउँपालिकामा ४,३२९ जना सूचीकृत बेरोजगार नागरिकहरू हुनुहुन्छ । अझै सूचीकृत नभएका पनि धेरै सङ्ख्यामा नागरिकहरू हुनुहुन्छ ।यो सम्पूर्ण जनशक्तिलाई पूर्वाधार विकास, उत्पादन, रोजगारी सिर्जना र उत्पादन वृद्धि गर्नु स्थानीय सरकारको प्रमुख जिम्मेवारी हो र हुनुपर्छ । उत्पादनयोग्य भूमि र आवश्यक जनशक्ति हुँदाहुँदै पनि परम्परागत टुक्रे उत्पादन कारण गाउँपालिका भित्रको आम्दानी र उत्पादन अप्रयाप्त छ । त्यसैले व्यवसायिक खेती प्रणाली उत्पादन र आम्दानी बढाउन आवश्यक छ ।

१८. विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को रोकथाम, उपचार तथा नियन्त्रणका लागि गाउँपालिकाभित्र कार्यरत शिक्षक, कर्मचारी, जनप्रतिनिधिहरू र गाउँपालिकाको बजेट गरी जम्मा १ करोड २२ लाख जम्मा गर्ने निर्णय गरेको छ । साथै,गाउँपालिकाका जनप्रतिनिधिहरू र कर्मचारीहरूको सहभागितामा कोरोना भाइरस (कोभिड १९) को संक्रमण रोकथामको लागि चेतनामूलक कार्यक्रम, माइकिङ् र घरघरमा हात धुने साबुन वितरण लगायतका कार्यहरू सम्पन्न गरिएको छ । गाउँपालिकाका अध्यक्ष दिलमाया बुढामगर गिरीको संयोजकत्वमा 'क्वारेन्टाइन व्यवस्थापन, अनुगमन र निगरानी समन्वय समिति' गठन गरी संक्रमण रोकथाम तथा क्वारेन्टाइन व्यवस्थापन लगायत देशभित्रका अन्य ठाउँ तथा भारत र तेस्रो मुलुकबाट आएका व्यक्तिहरूको आवागमन सहजीकरण जस्ता कामहरू प्रभावकारी रूपमा गरिएको छ । साथै प्रत्येक वडामा वडा अध्यक्षको नेतृत्वमा क्वारेन्टाइन व्यवस्थापन समिति गठन गरी काम कार्यवाहीलाई चुस्त र दुरुस्त तवरले सम्पन्न गरिएको छ ।देश बाहिर र भित्रका विभिन्न जिल्लाहरूबाट आएका र स्वदेशभित्र र विदेशबाट आउने व्यक्तिको तथ्याङ्क संकलन गर्ने, होम क्वारेन्टाइनमा बसेकाहरूको निगरानी र सचेत गराउने उद्देश्यले प्रत्येक टोलमा खोजी तथा निगरानी टोली गठन गर्ने काम भयो । कोरोना भाइरसको महामारीका कारण मिति २०७६ साल चैत्र ११ गते देखि देशमा लागू गरिएको बन्दाबन्दी (Lock Down) ले गर्दा हातमुख जोड्ने समस्यामा परेका दैनिक ज्याला मजदुरीमा जीवन निर्वाह गर्ने अति बिपन्न ४०७ घरधुरी परिवारहरूलाई तोकिएको मापदण्डको आधारमा सम्बन्धित वडा अध्यक्षको सिफारिसमा पारदर्शी र विवादरहित तरिकाले खाद्यान्न राहत वितरण गरियो । साथै, सरसफाइ प्रवर्द्धनको लागि ५,९०० घरपरिवारलाई हात धुने साबुनवितरण गरियो । त्यस्तै, कोरोना भाइरस (कोभिड-१९) को संक्रमण रोकथाममा खटिने स्वास्थ्यकर्मीका लागि स्वास्थ्य तथा सुरक्षाको लागि आवश्यक सामग्री खरिद र व्यवस्थापन गरिएको र

गाउँपालिकामा एउटा फिभर क्लिनिक (ज्वरो उपचार कक्ष) सञ्चालन गरिएको थियो । गाउँपालिकामा भारत लगायत तेस्रो मुलुकबाट आएका नागरिकहरूलाई १९ वटा क्वारेन्टाइनको व्यवस्थापन गरियो । २०७७ साल असार १४ गते दिउँसोसम्म स्वदेश तथा विदेशका विभिन्न ठाउँबाट आई ३० जना महिला र ७३२ जना पुरुष गरी जम्मा ७६२ जना क्वारेन्टाइनमा बस्नुभएकामध्ये परीक्षणपछि कोरोना भाइरस नभएको नतिजा आएका २९ जना महिला र ६५१ जना पुरुष गरी जम्मा ७८० जना क्वारेन्टाइनबाट आ-आफ्नो घर फर्कनुभएको छ । कोरोना भाइरस भएको पुष्टि भएका १महिला र १७ जना पुरुष मध्ये ६ जना पुरुष उपचारपछि घर फर्कनु भएको छ भने १ जना महिला र ११ जना गरी १२ जना उपचाररत हुनुहुन्छ भने ६४ जना पुरुष क्वारेन्टाइनमा रहनु भएको छ । हालसम्म यस कुमाख गाउँपालिकभित्र ८५४ जनाको पि.सि.आर. र १२६ जनाकोआर.डि.टी. प्रविधिबाट कोरोना भाइरस परीक्षण गरिएको छ ।

अन्त्यमा, विगत तीन आर्थिक वर्षमा कुमाख गाउँपालिकाभित्र विभिन्न विकास निर्माणमा तीव्र गति बढे तापनि अनुगमन, निगरानी र निरीक्षण, कमजोर कार्य सम्पादन, दक्ष जनशक्तिको अभावका कारणले अपेक्षा गरे जस्तो उपलब्धी हासिल गर्न सकिएको छैन ।

आर्थिक विकास

(क) कृषि

१. कृषि नै अर्थतन्त्रको मूल आधार भएकोले कृषि क्षेत्रमा उत्पादनलाई वृद्धि गरी खाद्यान्न तथा पोषण सुरक्षा सुनिश्चित गर्न कृषि गुरु योजना तयार गरी त्यसको आधारमा आधुनिक कृषि प्रणालीको विकास गरिने छ । साथै, बाँझो जमिनको उपयोग गरी कृषि उत्पादन वृद्धि गर्न रोजगारी सिर्जना गरिनेछ ।

२. कृषिलाई जीवन पद्धतिको रूपमा स्थापित गर्न, कुषि शिक्षालाई विद्यालय स्तरदेखि नै समाहित गरी कृषि पेशालाई आकर्षित गराउने कार्यक्रम बनाइने छ र स्थानीय स्तरमा कृषकहरूलाई उत्पादन सामग्री र प्राविधिक सेवा आपूर्ति गरिने छ । एक वडा एक कृषि प्राविधिकको व्यवस्था गरी उत्पादन प्रणालीको विकास गरिने छ ।

३. कृषि क्षेत्रहरूमा सम्भाव्यता र आवश्यकताको आधारमा निजी तथा सहकारीहरूसँगको सहकार्यमा उत्पादनलाई सुधार तथा विस्तार गर्दै एकीकृत कृषि खेती, सामूहिक तथा सहकारी खेती प्रणालीलाई जोड दिदै कृषिजन्य वस्तुको उत्पादन र उत्पादित वस्तुको निर्यात लाई व्यवस्थीत गरिने छ ।

४. कुमाख गाउँपालिकामा पशुजन्य उत्पादन वृद्धि गर्न पशुपंक्षी पालन व्यवसायलाई प्रोत्साहन गर्न उन्नत जातको पशुपंक्षी पालन कार्यक्रम सञ्चालन गरी दुध, दही, मासु र अण्डामा आत्मानिर्भर गाउँपालिका बनाउने नीति लिइने छ ।

५. मौरीपालन, अदुवा बेसार, टिमुर, बदाम र तरकारी तथा फलफूल व्यवसायको पकेट क्षेत्रलाई विकास र विस्तार गर्दै भूगोल छनौटको आधारमा व्यवसाय विस्तार गरिने छ ।

६. किसानको आर्थिक स्रोत वृद्धि तथा व्ययभार न्यूनीकरण गर्ने उद्देश्यका साथ 'एक घर एक करेसाबारी', 'एक टोल एक उत्पादन' र 'एक बस्ती एक अर्गानिक खेती' 'एक घर, एक टनेल' को व्यवस्था गरी खाद्यजन्य उत्पादन आफूले आफ्नै जमिन भाडामा लिएर कृषि उत्पादनका लागि विशेष अनुदानको व्यवस्था गरिने छ साथै निर्यात कार्यकालागी तरकारी संकलन केन्द्रको व्यवस्था गरिने छ ।

७. प्राङ्गारिक मलको उत्पादन र प्रयोग प्रवर्द्धन गर्दै जैविक खेती प्रणालीलाई प्रोत्साहन गरिने छ । र, प्राङ्गारिक झोल मल र भकारो सुधार कार्यक्रममा विशेष जोड दिइने छ ।

८. रैथाने खाद्यबालीलाई संरक्षण तथा प्रवर्द्धन गर्न किसानहरूलाई प्रोत्साहन र अनुदानको व्यवस्था गरिने छ ।

(ख) उद्योग तथा वाणिज्य

१. उद्योग र व्यवसायबाट आय वृद्धि गर्न स्थानीय रोजगार सृजना गर्ने उद्योगलाई प्रोत्साहन प्रदान गर्ने नीति लिइने छ ।

(ग) पर्यटन

१. पर्यटनलाई आय आर्जनको माध्यम बनाउन कुमाख पहाड, शिद्ध मन्दिर गुफा, भुमेश्वर गुफा, भेरी नदीमा र्‍याफ्टिङको विकास र प्रवर्द्धन गर्ने नीति लिइने छ ।

(घ) सहकारी

१. 'गाउँ गाउँमा सहकारी घर घरमा भकारी' भन्ने मूल नाराका साथ सहकारीलाई विशेष प्राथमिकता दिदै गरिबी न्यूनीकरणको महत्वपूर्ण साधनको रूपमा विकास गर्ने नीति लिइने छ ।

२. कृषि सहकारी, सहकारी, कृषि समूह र साना किसान समूह तथा व्यवसायक कृषकलाई प्रोत्साहन गर्ने खालका कार्यक्रम सञ्चालन गरिने छ ।

सामाजिक विकास

(क) शिक्षा तथा खेलकुद

१. दिगो विकास, शान्ति र समृद्धिको माध्यम र विकासको महत्वपूर्ण आधार शिक्षा हो । त्यसैले सामाजिक आर्थिक रूपान्तरणका लागि मानव संसाधनको विकास गर्न शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, रोजगारमूलक र प्रविधिमैत्री बनाइने छ ।

२. 'एक विद्यालय, एक बाल विकास केन्द्र' को अवधारणालाई प्रभावकारी बनाउन बाल विकास कक्षामा मापदण्ड बनाई बसाइँ व्यवस्थापन र सरसफाइलाई ध्यान दिंदै खेल सामग्री, सिकाइ सामग्री, मनोरञ्जनका उपयुक्त सामग्री र बालमैत्री कक्षा कोठाको व्यवस्थापन गरिने छ ।

३. विद्यालय बाहिर सबै बालबालिकालाई विद्यालय भर्ना गर्ने अभियानलाई स्थानीय सरकार, राजनीतिक दल, समाजसेवी, शिक्षाप्रेमी, वुद्धजिवि, सरकारी तथा गैर सरकारी संस्थाको सहकार्यमा सबै बालबालिकालाई विद्यालयमा भर्ना गरी गाउँपालिका क्षेत्रभित्र विद्यालय बाहिर कुनै पनि बालबालिका नभएको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

४. कक्षा छाड्ने समस्या समाधान गर्न र विद्यालयमा विद्यार्थी टिकाइ राख्नका लागि आधारभूत तहका बालकालिकालाई दिवा खाजा, अपाङ्गता भएका बालबालिका एवम् बिपन्न, सहाराविहीन, सहिदका सन्तानका र वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु भएका वा अपाङ्ग भएकाका १८ वर्षमुनि सन्तान (विद्यार्थी) हरूलाई छात्रवृत्ति उपलब्ध गराइने छ ।

५. शिक्षालाई गुणस्तर बनाउन विद्यार्थी सङ्ख्याको अनुपातको आधारमा गाउँपालिकामा अपुग शिक्षक दरबन्दी व्यवस्था गर्न संघीय र प्रदेश सरकारबाट

सबै विद्यालयमा न्यूनतम शिक्षक दरबन्दी सुनिश्चित नहुँदा सम्मका लागि सिकाइ व्यवस्थापन लागि अनुदान वा स्वयम् सेवक शिक्षक राख्ने वैकल्पिक विधिबाट शिक्षकको व्यवस्थापन गरिने छ ।

६. गाउँपालिकाका सम्पूर्ण माध्यमिक विद्यालयहरूमा वैकल्पिक ऊर्जा र कम्प्युटरको व्यवस्था गरिने छ ।

७. बाल विकास केन्द्रका सहयोगी कार्यकर्ता, लेखासम्बन्धी काम गर्ने शिक्षक र विद्यालय कर्मचारीको लागि तालीम तथा IEMIS सम्बन्धी तालीम सञ्चालन गरिने छ ।

८. गाउँपालिकाभित्रका सबै सामुदायिक विद्यालयहरूमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरिने छ । र, निरन्तर विद्यार्थी मूल्याङ्कन र आवधिक परीक्षा सञ्चालनलाई प्रभावकारी र गाउँपालिका स्तरमा सञ्चालन गरिने छ ।

९. गाउँपालिकाभित्रका सामुदायिक विद्यालयबाट प्रत्येक शैक्षिक सत्रमा एस्.ई.ई. (कक्षा १०) परीक्षामा सर्वोत्कृष्ट १ जना विद्यार्थीलाई उच्चतम प्राविधिक शिक्षा अध्ययनमा छात्रवृत्ति प्रदान गरिने छ । साथै सो परीक्षामा सर्वोत्कृष्ट १/१ जना छात्र र छात्रालाई पुरस्कारको व्यवस्था गरिने छ ।

१०. शैक्षिक गुणस्तर वृद्धिका लागि कार्य सम्पादनको नियमित अनुगमन, निरीक्षण र मूल्याङ्कन गरी सोका आधारमा उत्कृष्ट विद्यालय, प्रधानाध्यापक, शिक्षक र विद्यार्थी छनौट गरी प्रोत्साहन र सजायको व्यवस्था गर्ने, शैक्षिक अवलोकन भ्रमण र शिक्षक तालीमको व्यवस्था गरिने छ ।

११. विद्यार्थी सङ्ख्या र भौगोलिक अवस्थाको आधारमा विद्यालय सार्ने, गाभ्ने, नाम परिवर्तन गर्ने वा विद्यालय बन्द गर्ने नीति लिइने छ । साथै, गाउँपालिकामा

रहेका प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने विद्यालयलाई विकास अनुदानको व्यवस्था गरिने छ ।

१२. सामुदायिक विद्यालयहरूका विद्यार्थीहरूको क्षमता अभिवृद्धि गर्न अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिने छ । बालबालिकाहरूका लागि बाल उद्यानको व्यवस्था गरिने छ । साथै, गाउँपालिकाभित्रको शैक्षिक गतिविधिहरू समेटेर शैक्षिक प्रोफाइल तयार पारिने छ ।

१३. निरक्षरता उन्मूलन गरी पूर्ण साक्षर गाउँपालिका घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

१४. विद्यालय र विद्यार्थीको गुणस्तर वृद्धि र विद्यालयको विकासका लागि समुदायको जिम्मेवारी र भूमिका बढाउनको लागि अभिभावक शिक्षा र शैक्षिक अन्तर्क्रिया सञ्चालन तथा विद्यार्थी, शिक्षक र अभिभावकको लागि मनोपरामर्श कार्यक्रम सञ्चालन गरिने छ ।

१५. गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा कार्यरत विद्यालय कर्मचारीहरू र बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताहरूको कार्य सम्पादनलाई प्रभावकारी बनाउन आवश्यक अनुदानको व्यवस्था गरिने छ ।

१६. गाउँपालिकाभित्रका विद्यालयहरूमा विद्यार्थी सङ्ख्या र शिक्षक सङ्ख्याको आधारमा दरबन्दी मिलान गर्ने नीति लिइने छ ।

१७. महिनावारी भएको समयमा छात्राहरूको नियमित पठनपाठन आउने अबरोधलाई न्यूनीकरण गर्नको लागि हरेक माध्यमिक विद्यालयमा अध्ययनरत छात्राको लागि सेनिटरी प्याडको व्यवस्था गरिने छ ।

१८. 'राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद' भन्ने नारालाई आत्मासात गर्दै समग्र खेलकुद विकासमा विशेष जोड दिदै गाउँपालिका स्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन गरिने छ र प्रतिभावान् खेलाडीको क्षमता पहिचान तथा प्रोत्साहन गर्ने नीति लिइने छ ।

१९. गाउँपालिका स्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

२०. प्रत्येक वडा र गाउँपालिका स्तरमा खेल मैदान निर्माण गरी त्यसको स्तर वृद्धि गरिने छ ।

(ख) स्वास्थ्य

१. कोरोना भाइरस (कोभिड-१९) रोकथाम र नियन्त्रण गरी संक्रमण हुनबाट जोगिन जनस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालनका साथै घरेलु उपचार विधिबाट रोग प्रतिरोधी क्षमता बढाउने कार्यलाई प्राथमिकतामा राख्दै माानवीय संवेदनशीलतालाई उच्च महत्वका साथ स्वास्थ्य जाँचका लागि सम्पूर्ण स्वास्थ्यकर्मीलाई परिचालन गरिने छ । र, यसलाई व्यवस्थित गर्न आावश्यक औषधी एवम् औषधीजन्य सामग्रीको आपूर्ति र उपलब्धता सुनिश्चित गरी विषम परिस्थितिबाट कुमाखका सम्पूर्ण नागरिकहरूलाई सुरक्षित राखिने छ ।

२. 'स्वस्थ नागरिक समृद्ध गाउँपालिका' भन्ने मूल उद्देश्यका साथ सबै नागरिकलाई दिने निःशुल्क ल्याब टेस्ट सेवा जनमूखी, भरपर्दो र प्रभावकारी बनाइने छ ।

२. 'शान्ति र समृद्धि कुमाखबासीको आवश्यकता, पूर्ण सरसफाइयुक्त गाउँपालिका हाम्रो प्रतिवद्धता' भन्ने नाराका साथ सन् २०२१ सम्म पूर्ण सरसफाइयुक्त गाउँपालिका घोषणा गर्न सरसफाइसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिने छ ।

३. जनताको आधारभूत स्वास्थ्य र सरसफाइलाई प्राथमिता दिई कार्यक्रम सञ्चालन गरिने छ । प्रत्येक वडाहरूमा सामुदायिक स्वास्थ्य इकाइ, प्राथमिक स्वास्थ्य उपचार केन्द्र र गाउँघर क्लिनिकलाई व्यवस्थित गरिने छ ।

४. प्रत्येक वडामा दक्ष जनशक्तिसहितको स्वास्थ्य चौकीका साथै २४ घण्टा प्रसुती सेवाको व्यवस्था गरिने छ । स्वास्थ्य स्वयम् सेविकाहरूलाई तालीमको व्यवस्था गरिने छ ।

५. गाउँपालिकाभित्रका सबै गर्भवती महिलाहरूलाई नियमित गर्भ जाँच तथा स्वास्थ्य संस्थामा नै प्रसुती सेवा लिनको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने र घरमै प्रसुती हुने कार्य पूर्ण रूपमा निर्मूल गर्ने तथा स्वास्थ्य संस्थामा नै प्रसुती हुने कार्यलाई प्रोत्साहन गरिने छ ।

६. 'महिलाहरूको आङ् खस्ने, पाठ्यघर क्यान्सर लगायत आवश्यक विशेषज्ञ सेवा शिविर सञ्चालन गरिने छ ।

७. बिरामी आकस्मिक सेवाका लागि गाउँपालिकामा सञ्चालित एम्बुलेन्सको सेवा शुल्कमा जेष्ठ नागरिक, 'क' वर्गका अपाङ्ग र गर्भवती महिलाको लागि ५०% छुट सुविधा दिइने छ ।स्वास्थ्य चौकीमा रहेका बर्थिङ सेन्टरहरूलाई सुविधा सम्पन्न बनाइने छ ।

८. आधारभूत स्वास्थ्य अन्तर्गत आयुर्वेदिक तथा वैकल्पिक स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिका स्तरीय एक आयुर्वेदिक स्वास्थ्य संस्था स्थापना गरी सेवा प्रदान गरिने छ ।

(ग) खानेपानी तथा सरसफाइ

१. 'एक टोल एक धारा' भन्ने नीतिका आधारमा स्वस्थ्य खानेपानी मानिस स्वास्थ्य जीवनसँग जोडिएको हुँदा प्राथमिकताको आधारमा सम्पूर्ण वडा र बस्तीहरूमा स्वस्थ खानेपानीको व्यवस्था गरिने छ ।साथै सबै बस्तीहरूमा खानेपानी पहुँच व्यवस्थापन गर्न विभिन्न खानेपानी आयोजनाहरू सम्पन्न भएपछि उपभोक्ताहरूलाई नै हस्तान्तरण गरी खानेपानी आयोजना संरक्षण तथा व्यवस्थापनको जिम्मा दिइने छ ।

३. खानेपानीका स्रोतहरू पहिचान गरी सम्भव भएसम्म सबै टोल बस्तीहरूमा खानेपानी आयोजना सञ्चालन गरिने छ ।

४. स्वस्छ खानेपानी उपभोगका लागि सबै घरपरिवारमा फिल्टरको प्रयोग गर्ने कार्यलाई प्रोत्साहन गर्दै स्वच्छ खानेपानी संरक्षणमा जोड दिइने छ ।

५. प्रत्येक घरबाट निस्कने फोहोर व्यवस्थापन गर्ने कार्यलाई प्रोत्साहन गर्ने, पलाष्टिक झोला प्रयोगलाई निरुत्साहित गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै पलाष्टिकमुक्त गाउँपालिका घोषणा गर्ने नीति लिइने छ ।

(घ) संस्कृति

१. गाउँपालिकाभित्रका कला, संस्कृति र साहित्य मानव जीवन जगतसँग जोडिएको हुनाले रैथाने लोपोन्मुख लोक कला संस्कृतिहरू (पञ्चेबाजा, सोरठी, सिङ्गारु, बनगाडी टप्पा, मयुर, पैंसेरी/लहरे नाँचहरू, ठाडी भाका, झारी लगायतका गीतहरू) को संरक्षण र प्रवर्द्धन गर्ने कार्यक्रमहरू सञ्चालन गरिने छ ।

(ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१. गाउँपालिकाभित्रका विभिन्न सामाजिक समस्या र विकृतिहरू (जस्तै : जातीय छुवाछुत र विभेद, बाल विवाह, बह विवाह, महिला हिंसा, मद्यपान, धुमपान आदी) मुक्त गाउँपालिका बनाउन चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

२. गाउँपालिकाका दलितहरूको घना बस्तीलाई मध्यनजर गर्दै योजनावद्ध दलित बस्ती विकास कार्यक्रम सञ्चालन गरिने छ । दलितहको परम्परागत पेशालाई आधुनिकीरण र व्यवसायीकरण गर्दै जातीय छुवाछुत तथा भेदभाव अन्त्यका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

३. जनयुद्ध र जन आन्दोलनका क्रममा बलिदान गर्ने शहिद परिवारहरू, बेपत्ता योद्धा परिवारहरू र घाइते अपाङ्ग योद्धाहरू लगायत जनमुक्ति आन्दोलनमा योगदान गरेकालाई सम्मान, सीपमूलक विकास तथा आय आर्जनका कार्यक्रमहरू सञ्चालन गरी आत्मनिर्भर बनाउने नीति लिइने छ ।

४. जनयुद्धमा किनेबेच गरिएका घरजग्गालाई संघ र प्रदेश कानुन बमोजिम कार्यान्वयन गरिने छ ।

५. शहिदका नामबाट स्मृति भवन र शहिद पार्क आदी निर्माण र नामाकरण गरिने छ ।

६. गाउँपालिकाभित्रका महिलाहरूका लागि आय आर्जन गरी आत्मनिर्भर बनाउन विभिन्न सीपमूलक तालीम तथा कार्यक्रम सञ्चालन गरिने छ ।

(च) रोजगारी तथा सामाजिक न्याय

१. बेरोजगार जनशक्तिलाई रोजगारीको अवसर सृजना गर्न तथा श्रमप्रति आकर्षित गर्ने उद्देश्यका साथ विकास र सम्वृद्धिका समग्र योजना, बजेट र कार्यक्रममा स्थानीय स्रोत साधन र जन परिचालन गर्ने नीति लिइने छ ।

२. 'श्रमको सम्मान, राष्ट्रको अभियान' को मूल मर्म बमोजिम प्रधानमन्त्री रोजगार र मुख्य मन्त्री रोजगार कार्यक्रमलाई सहयोग पुग्ने गरी जनताको लागि लगानीको उद्देश्यका साथ स्थानीय स्तरमा रोजगारी सिर्जना हुने खालका योजनाहरू छनौट गर्दै बेरोजगार जनशक्तिलाई उत्पादनशील कार्यप्रति आकर्षित गर्ने नीति लिइने छ ।

३. बालबालिकालाई वर्तमानका साझेदारीको रूपमा ग्रहण गर्दै बाल अधिकार संरक्षण, बाल सहभागिता र बालविकासका लागि नीति र योजना बनाई कार्यान्वयन गरिने छ ।

४. अपाङ्गता भएका बालबालिकालाई विद्यालय भर्नामा प्राथमिकता र शिक्षण सिकाइ पद्धति तथा पाठ्यक्रम अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षामा अपाङ्गता भएका सबै बालबालिकाहरूको पहुँच वृद्धि गर्ने नीति लिइने छ ।

५. अपाङ्गता भएका व्यक्तिको हक हितको संरक्षण गर्दै जीवनयापनका लागि आत्मनिर्भर हुने खालका सीपमूलक तथा आय आर्जन कार्यक्रम बनाई कार्यान्वयन गरिने छ ।

पूर्वाधार क्षेत्र

(क) सडक तथा पुल

१. सडक गुरु योजना तयारी गरी विकासका कार्यलाई दिगो र प्रभावकारी बनाउन सडकहरूको वर्गीकरण गरी गाउँपालिका र वडापालिकाको केन्द्र जोड्ने सडक, छिमेकी नगरपालिका र गाउँपालिका, अन्तर जिल्ला र प्रदेश जोड्ने रणनीतिक महत्वका सडकहरूलाई प्राथमिकताको आधारमा बजेट व्यवस्था गरी स्तरोन्नति गरिने छ । र, नयाँ सडक निर्माण गर्ने भन्दा विद्यमान निर्माणधीन सडकलाई विस्तार गरिने छ ।

२. विकासका पूर्वाधार निर्माणका कामहरूमा ८० प्रतिशत अनुदान र २० प्रतिशत जन श्रमदान परिचालन गरी काम सम्पन्न गर्ने नीति अबलम्बन गरिने छ ।

३. चौरपानी जिमाली मर्मपरिकाँडा हुँदै स्वीकोट नेटा जोड्ने सडक, कुमाख सेरिपाटा खाप्ले नेटा हुँदै प्रदेश जोड्ने सडक र चिसापानी भण्डारखोला हुँदै थदरा जोड्ने सडकहरूलाई स्तरोन्नतिका लागि प्रदेश सरकारसमक्ष पहल गरिने छ ।

४. २० लाखभन्दा मुनिका भौतिक पूर्वाधार निर्माणका आयोजनाहरू उपभोक्ता समितिल मार्फत् सञ्चालन गरिने छ ।

(ख) सिंचाइ

१. दीगो र भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादनमा वृद्धि गर्न स्रोत भएसम्म सिंचाइ सुविधा उपलब्ध गराइने छ ।

२. सिचाइविहीन तर उर्वर भूमिलाई उत्पादनशील भूमिमा परिणत गर्न लिफ्ट सिचाइ, आकासे पानी पोखरी र थोपा सिंचाइप्रणालीको विस्तार गर्ने तथा परम्परागत सिचाइ कुलो सुधार गर्ने नीति लिइने छ ।

३. भेरी नदी र सम्भावित खोलाहरूबाट लिफ्ट प्रणालीद्वारा खेतीयोग्य जमिनमा सिंचाइको व्यवस्था गरी कृषि उत्पादनमा जोड दिइने छ ।

(ग) भवन तथा सहरी विकास

१. भवन आचार संहिता लागू गरी व्यवस्थित बस्ती विकासका कार्यक्रम सञ्चालन गरिने छ ।

२. उर्वर जमिनमा खेती र कम उर्वर जमिन तथा सडक सञ्जाल भएको ठाउँमा बस्ती विकासका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

३. सार्वजनिक जमिन प्रयोग तथा उक्त जमिनमा निर्माण भएका भौतिक संरचनालाई करको दायरामा ल्याउने र सार्वजनिक जमिनलाई अतिक्रमण हुने कार्यलाई दण्डनीय बनाउने नीति लिइने छ ।

(घ) सञ्चार

१. दूर सञ्चारतर्फ ल्यान्ड लाइन फोन सञ्चालनका लागि संघ र प्रदेश सरकारसँग अनुरोध गरिने छ ।

२. सञ्चार सेवा नपुगेका बस्तीहरूमा सेवा उपलब्ध गराउने नीति लिइने छ ।

३. गाउँपालिकाभित्र सामुदायिक रेडियो सञ्चालनमा साझेदारी गर्ने नीति अबलम्बन गरिने छ ।

(ङ) ऊर्जा, लघु तथा साना जलविद्युत्

१. आर्थिक वर्ष २०७८/०७९ सम्म सबै वडापालिकाको कार्यालय र गाउँबस्तीहरूमा विद्युतीकरण गरी 'उज्यालो कुमाख' बनाउने अभियानलाई निरन्तरता दिइने छ ।

२. गाउँपालिकामा सम्भावित स्थानको छनौट गरी लघु जलविद्युत् योजनालाई प्राथमिकताका आधारमा सञ्चालन गर्ने नीति लिइने छ ।

३. वैकल्पिक नवीकरणीय ऊर्जाको उत्पादन र उपयोगमा ऊर्जा क्षमता बढाई सबैको पहुँच सुनिश्चित गर्ने नीति अनुरूप वैकल्पिक ऊर्जा सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत् सञ्चालन गरिने छ ।

(ङ) वन, वातारण तथा विपद् व्यवस्थापन

१. हरित गाउँपालिका बनाउन जलाधार क्षेत्र र पानीका मुहान संरक्षणका लागी वन विशेष अभियानका साथ वन तथा वन्यजन्तु संरक्षित क्षेत्रको विकास गर्ने नीति लिइने छ ।

२. वन क्षेत्र संरक्षण र व्यवस्थापनका साथ वन क्षेत्रभित्रका कुकाठहरू व्यवस्थित गर्ने खाली जमिनमा वृक्षारोपन गर्ने नीति लिइने छ।

३. विपद्बाट सृजना हुने सम्भावित जोखिम र प्रकोपको सामना गर्न सक्ने गरी खाद्य सुरक्षाको हक, आवासको हक, स्वास्थ्यको हक, रोजगारीको हक, सूचनाको हक जस्ता हकको कार्यक्रम बनाई कार्यन्वयन गरिने छ ।

४. विपतप्रति पूर्व सचेतना अपनाउने विषयलाई विद्यालय, टोलबस्तीहरूमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

५. विपद व्यवस्थापनका लागि विपत व्यवस्थापन कोष निमार्ण गरिने छ ।

६. जल उत्पन्न प्रकोप नियन्त्रणका लागि निरोधात्मक उपायहरू (वृक्षारोपन, तटबन्धन जस्ता कार्यक्रम) अबलम्बन गरिने छ ।

७. वातारण संरक्षण गर्न नदी, नाला, बाटो, सार्वजनिक स्थल, खानेपानीका मुहान, सार्वजनिक धारालाई दुषित र फोहोर बनाउने कार्य वातावरणीय हिंसा हुने भएकोले यस्ता स्थानको संरक्षण गर्ने नीति लिइने छ । साथै यस्ता स्थानमा फोहोर फाल्ने व्यक्ति वा संस्थालाई कारबाहीको दायरामा ल्याइने छ ।

८. जलाधार संरक्षण र पर्यावरण संरक्षण नै जीवनको आधारशिला हो । त्यसैले जलाधार र पर्यावरण संरक्षणका लागि आवश्यक जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

९. पानीको मुहान भएका स्थानमा प्राकृतिक पोखरी निर्माण र यसको संरक्षणका लागि आवश्यक कार्यक्रम ल्याइने छ ।

संस्थागत विकास, सेवा प्रवाह र सुशासन

(क) सामान्य सेवा

१. गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने दैनिक प्रशासनीय कामलाई जनमुखी, सर्वसुलभ, छिटो, छरितो, प्रविधिमैत्री र प्रभावकारी बनाइने छ । यसका

लागि आवश्यक जनशक्ति क्षमता विकास तथा संस्थागत सुदृढीकरणमा विशेष जोड दिइने छ ।

२. जन गुनासो सुन्ने छुट्टै गुनासो डेक्सको व्यवस्था गरिने छ ।

३. न्याय सम्पादन कार्यलाई प्रभावकारी बनाउन गाउँपालिका तथा वडा केन्द्रमा मेलमिलाप केन्द्रलाई व्यवस्थित गरी न्याय सम्पादनको कामलाई छिटो छरितो बनाउने नीति लिइने छ ।

४. नागरिक सुरक्षा, न्यायिक समितिले गरेका मेलमिलापलाई कार्यन्वयन, सार्वजनिक सम्पत्तिको सुरक्षा तथा विकास निर्माणमा परिचालित हुने गरी कार्यविधि बनाई गाउँ प्रहरी गठन गरी परिचालन गरिने छ ।

५. स्थानीय तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन कार्यलाई प्रविधिमा आधारित बनाउनका लागि आवश्यक मानवीय क्षमत विकास र संस्थागत क्षमता विकास गरिने छ ।

(ख) सुशासन प्रवर्द्धन

१. स्थानीय सरकारबाट हुने हरेक काम कारबाहीहरूको पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गरिने छ ।

२. सञ्चालित विकास आयोजनाहरूको दीगोपन र प्रभावकारिताका लागि निरन्तर अनुगमन र निगरानी गरिने छ ।

३. सुशासन कायम गर्न स्थानीय सरकारले प्रवर्द्धनात्मक, निरोधात्मक र दण्डात्मक उपायहरू शुन्य सहनशिलताको सिद्धान्तका आधारमा लागू गरिने छ ।

४. बजार अनुगमन कार्यलाई प्रभावकारी बनाइने छ ।

५. कामको प्रगति विवरण सम्बन्धित शाखाले कार्यपालिकाको बैठकमा प्रस्तुत गर्नु पर्ने प्रावधान लागू गरिने छ ।

६. गाउँपालिकाभित्रका सार्वजनिक संस्थाको सम्पत्तिलाई व्यवस्थित गर्ने नीति लिइने छ ।

(ग) अनुसन्धान तथा विकास

१. हचुवाको भरमा गरिने विकासले जनतामा प्रत्यक्ष अनुभूति दिन नसकिने भएकोले आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण, सेवाप्रवाह लगायतका आयोजनाहरू छनौट र कार्यान्वयन गर्दा अनुसन्धानात्मक पद्धतिलाई अबलम्बन गरी कार्यान्वयनमा ल्याइने छ । यसका लागि अनुसन्धान कार्यलाई प्रोत्साहन गरिने छ ।

अन्त्यमा, यो नीति तथा कार्यक्रम तर्जुमा गर्दा मार्गनिर्देशन दिनु हुने विषयगत समितिका संयोजकहरू, गाउँ सभाका सदस्यज्यूहरू, कार्यालयका कर्मचारीहरू, शिक्षक वुद्धिजिविहरू, राजनीतिक दलका प्रतिनिधिहरू र पत्रकारहरूप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु । गाउँपालिकाको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुर्‍याउने संघीय सरकार, प्रदेश सरकार, विभिन्न संघसंस्थाहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै, यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्पूर्ण जनप्रतिनिधिहरू, राजनीतिक दलहरू, विकासप्रेमी जनसमुदायहरूको पूर्ण सहयोग र सहभागिता हुने विश्वास लिएको छु ।

२०७७ साल असार १४ गते, आइतबार ।

धन्यवाद !